शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྐྱོང་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.सं. २०८२।८३

मितिः २०८२।०६।२४

नेपाल संवत ११४५ कौलागा चतुर्थी

## सरसफाई बजारीकरण स्थानीय स्रोत व्यक्तिको नतिजामुलक करार सम्झौताको निम्ति आवेदन आह्वान गरिएको बारे सूचना

यस शे-फोक्सुण्डो गाउँपालिकामा संचालित सबैका लागी दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (सुस्वा) को लक्ष्य अनुसार आधारभूत तथा सुधारिएको शौचालयको निर्माण तथा सुधार गरी समुदायलाई पुर्ण सरसफाई तर्फको यात्रामा अगाडी बढाउन नतिजामा आधारित करार सम्झौता गरी यस पालिका अन्तर्गत सुस्वा आयोजनाले काम गर्ने समुदायमा शौचालयको निर्माण तथा सुधारको कार्य अगाडी बढाउन सरसफाई बजारीकरण स्थानीय स्रोत व्यक्तिको लागि यस पालीका अन्तर्गत वास इकाईबाट उपलब्ध हुने निर्धारित आवेदन फारम आफ्नो व्यक्तिगत विवरण सहित शौचालय निर्माण तथा सुधारको सामान्य कार्य योजना सहितको विवरण सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन (२०८२ कार्तिक ०७ ) को कार्यालय समय भित्र गाउँकार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्नु हुन सुचना प्रकाशन गरिएको छ ।

क) आवश्यक संख्याः१ (एक) जना

ख) शैक्षिक योग्यता र अनुभवहरुः

- प्रविणता प्रमाणपत्र तह/ +2 उतिर्ण वा थप साथै कम्तिमा २ वर्षको सम्बन्धित कार्य अनुभव ।

ग) आवश्यक सीपहरुः

- सामाजिक नक्सांकन,उत्प्रेरक,सकारात्मक मनोवृति,संचार र समन्वय सम्बन्धि राम्रो क्षमता भएको ।
- शौचालय र शौचालय सम्बन्धि सामाग्रीहरुको जडान वा अन्य कार्य गर्न सक्ने क्षमता भएको।
- जानकारीहरु संकलन गर्ने,ईमेल,ईटरनेट चलाउन जानेको ।

घ) प्रथमिकताः

- स्थानीय व्यक्ति, सरसफाई र स्वच्छता, पूर्ण सरसफाई सम्बन्धि ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ ।

ङ) सेवा सुविधाः सुस्वा आयोजनाको सरसफाई बजारीकरणका लागि स्थानिय स्रोत व्यक्ति (SMLRP) परिचालन सम्वन्धि निर्देशिका बमोजिम हुनेछ ।

च) दरखास्त दस्तुरः रु. ५०० (पाँच सय)

छनौटको प्रकारः आवेदन फारम मूल्यांकन र अन्तरवार्ता (अन्तर्वार्ताको मिति आवेदन फारमको मूल्यांकन गरेपछि तोकिनेछ) छनौट प्रक्रियामा सुस्वा आयोजनाले कार्य गरिरहेका समुदायका व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np/ Contact

Scanned with CamScanner